नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# लागत सहभागिताको आधारमा क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्ने प्रस्ताव आव्हानको सूचना

(तेस्रो पटक प्रकाशित मिति: २०७५/१२/०३)

कृषि उपजहरूको उत्पादन उप्रान्तको क्षति न्यूनिकरण, गुणस्तर प्रबर्द्धन, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चितता गर्न र व्यवसायिक तथा औद्योगिक उत्पादन एवं बजारीकरणमा सहयोग पुर्याउनका लागि काभ्रेपलान्चोक जिल्लामा प्रतिस्पर्धाको आधारमा नीजि कम्पनीसँगको साझेदारीमा १ (एक) वटा क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाका लागि पूर्वाधार निर्माण तथा मेशिनरी औजार उपकरणमा बढीमा ७० (सत्तरी) प्रतिशत पुँजीगत अनुदानमा क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना एवं संचालन गर्ने कार्यक्रम रहेकोले देहायका शर्तहरूको अधिनमा रहि क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना मार्फत Processing and packaging of Mushroom, Bamboo Shoots, Gingerand Spices; Making Units for Jam, Jelly and Pickles, Potato and Banana Chips, Tomato Ketchup, Fruits Juice; and Drying of Fruits and Vegetables आदि संचालन गर्न चाहने इच्छुक निजी कम्पनीहरूबाट सूचना प्रकाशन भएको ८ औं दिनको अपरान्ह १२:०० भित्र क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को अनुसूची ३ बमोजिमका कागजातहरू संलग्न राखि अनुसूची २ बमोजिम सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना आव्हान गरिएको छ । यस परियोजनाको website http://pmamp.gov.np बाट अनुसूची २ र ३ Download गर्न सकिने छ ।

**शर्तहरु :**

१. क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाको अवधि, क्षमता र प्रकृति अनुसार बढीमा दुई आर्थिक वर्षको हुने छ ।

२. निजी कम्पनी यो सूचना प्रकाशन भएको मिति अगावै क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्ने छ ।

३. कृषि उपजको लागि क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापनाको लागि तोकिए बमोजिमको उपयुक्त जग्गा कम्पनीको आफ्नो नाममा वा प्रोपाइटर वा संचालक सदस्यको नाममा दर्ता भएको हुनुपर्ने छ ।

४. क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्न प्रस्तावित जग्गामा सडक, विद्युत र थ्रीफेज लाईन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरूको व्यवस्थापन तथा शुलभ पहुँच भएको हुनुपर्ने छ ।

५. क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना गर्ने कम्पनीले आफ्नो तर्फबाट कम्तिमा ३०% लगानी गर्नु पर्ने छ र यसका लागि कम्पनीले व्यहोर्ने लगानी सम्बन्धमा सम्बन्धित बैंकबाट यस सूचनाको मिति पछि परियोजनालाई सम्बोधन गरी जारी भएको Letter of Intent पेश गर्नु पर्ने छ। कम्पनीले गर्ने लगानीको हिस्सामा कम्पनीको जग्गा र अन्य चालु खर्च समावेश हुने छैन ।

६. निर्माण गरिने क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग बहुतले संरचना भएमा माटो जाँचको आधारमा Foundation design गरी पेश गर्नुपर्ने छ ।

७. कम्पनीलाई अनुदान दिन छनौट गर्दा प्रतिस्पर्धाको आधारमा मूल्यांकन गरिने छ, मूल्यांकनमा ईन्जिनियरीङ्ग डिजाइन, इस्टिमेट तथा व्यवसायिक योजना प्रस्तावमा कार्यविधिले तोकेको न्यूनतम उत्तिर्ण अंक सहित कम्तीमा ७०% अंक प्राप्त गर्नु पर्ने छ । प्रस्तावको मूल्यांकन गर्दा नेपाल सरकारको अनुदान रकम कम माग गरी कम्पनीले आफ्नो तर्फबाट ३०% भन्दा बढी अधिकतम लगानी गर्ने आशय पेश भएको प्रस्तावलाई प्राथमिकता दिइने छ ।

८. अन्य शर्त क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम हुने छ । यस कार्यविधिमा स्पष्ट नभएका कुराहरू प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुने छ ।

**नोट:-** यस सम्बन्धमा थप जानकारी चाहिएमा कार्यालय समय भित्र परियोजना व्यवस्थापन इकाईको टेलिफोन नं. ०१-५५२०३४६/ ०१-५५२१६१९ एवं ईमेल ठेगाना pmamp.pmu@gmail.com मा सम्पर्क गर्न सकिने छ ।